फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.co

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

नयां बानेश्वर, काठमाडौं
(……………………शाखा)

पत्र संख्या :- ०७६/७७
चलानी नं.:-

मिति : २०७६/०४/१७

## प्रेस विज्ञप्ति

१. सन्दर्भ ब्याजदर निर्धारण तथा सिफारिस समितिको मिति २०७६/०४/१६ को निर्णय बमोजिम सहकारी ऐन, २०७४ को दफा ५१ र सहकारी नियमावली २०७५ को नियम २३ मा तोकिएका आधार र सामान्य भार समेतका आधारमा मिति २०७६/०४/१९ गतेदेखि लागुहुने गरी सहकारी संस्थाहरुले **ऋण लगानीमा लिने अधिकतम् ब्याजदर १६ (सोह्र)** प्रतिशतमा नबढ्ने तथा बचत र ऋणको **ब्याजदरको अन्तर ६ (छ) प्रतिशत भन्दा** घटी रहने गरी सन्दर्भ ब्याजदर तोकिएको छ ।

२. सहकारी ऐन, २०७४ को दफा ५१ बमोजिम सहकारी विभागका रजिष्ट्रारको संयोजकत्वमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैङ्क, राष्ट्रिय सहकारी महासङ्घ, राष्ट्रिय सहकारी बैङ्क, केन्द्रीय विषयगत सङ्घहरूबाट प्रतिनिधि र सहकारी विभागका उप-रजिष्ट्रार सदस्य सचिव रहेको "सन्दर्भ ब्याजदर निर्धारण तथा सिफारिस समिति" को गठन भई पहिलो बैठक मिति २०७६/०१/३० मा सम्पन्न भएको थियो । त्यसपछि समितिका थप चार बैठक तथा प्राविधिक उपसमितिको तीन वटा बैठक सम्पन्न भई ऐन नियमावलीको व्यवस्था बमोजिम ब्याजदर निर्धारण भएको छ ।

३. सन्दर्भ ब्याजदर निर्धारण समितिमा रहेको पदाधिकारीहरु :

### सन्दर्भ ब्याजदर निर्धारण समिति

| | | |
|---|---|---|
| १) डा. टोकराज पाण्डे | रजिष्ट्रार, सहकारी विभाग | संयोजक |
| २) श्री मिनराज कँडेल | बरिष्ठ उपाध्यक्ष, राष्ट्रिय सहकारी महासङ्घ | सदस्य |
| ३) श्री दिपक खड्का | उपसचिव, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | सदस्य |
| ४) श्री शिवादेवी दाहाल | उपसचिव, अर्थ मन्त्रालय | सदस्य |
| ५) श्री नरेन्द्रसिंह विष्ट | निर्देशक, नेपाल राष्ट्र बैंक | सदस्य |
| ६) श्री मुकेश कर्ण | उपनिर्देशक, राष्ट्रिय सहकारी विकास बोर्ड | सदस्य |
| ७) श्री डिबी बस्नेत | अध्यक्ष, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ | सदस्य |
| ८) श्री सुरेन्द्र भण्डारी | अध्यक्ष, नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी सङ्घ | सदस्य |
| ९) श्री बद्री कुमार गुरागाईं | प्रमुख कार्यकारी अधिकृत, राष्ट्रिय सहकारी बैङ्क | सदस्य |
| १०) श्री शशिकुमार लम्साल | उप-रजिष्ट्रार, सहकारी विभाग | सदस्य-सचिव |

फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.co

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

# सहकारी विभाग

नयां वानेश्वर, काठमाडौं
(.....................शाखा)

visit nepal 2020 Lifetime Experience

पत्र संख्या :- ०७६/७७
चलानी नं.:-

४. सन्दर्भ ब्याजदर सम्बन्धी नियमावलीमा भएका व्यवस्थाहरु :

४.१ सहकारी नियमावली, २०७५ मा भएका व्यवस्था बमोजिम सन्दर्भ ब्याजदर निर्धारण समितिले सन्दर्भ ब्याजदर निर्धारण गर्दा लिनुपर्ने आधारहरु:

(क) बचत तथा ऋणको कारोबार गर्ने केन्द्रीय विषयगत सङ्घमा आबद्ध संस्था र सङ्घहरुको औसत ब्याजदर,

(ख) सहकारी बैङ्कहरुको औसत ब्याजदर,

(ग) बैङ्क तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम "क" वर्गको इजाजतप्राप्त बैङ्कहरुको औसत ब्याजदर,

(घ) ब्याजदरका सम्बन्धमा नेपाल सरकारका मन्त्रालय, निकाय, नेपाल राष्ट्र बैङ्कले गरेका अध्ययन प्रतिवेदनहरु,

(ङ) राष्ट्रिय सहकारी महासङ्घ विषयगत केन्द्रीय सङ्घहरुवाट प्राप्त सुझाव,

(च) सन्दर्भ ब्याजदर निर्धारण समितिले उपयुक्त देखेका अन्य आधारहरु ।

४.१ सन्दर्भ ब्याजदर निर्धारण गर्दा अवलम्वन गर्नुपर्ने सिद्धान्तहरु :

(क) बचतमा भारित औसत ब्याजदर भन्दा सामान्यतया बढी,

(ख) ऋणमा भारित औसत ब्याजदरभन्दा सामान्यतया घटी,

(ग) बचत र ऋणको ब्याजदरको अन्तर ६ प्रतिशत भन्दा घटी,

५. साथै सहकारी विभागले सन्दर्भ ब्याजदर तोक्ने कार्यको अलवा वचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका तयार गर्ने, सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (CoPoMIS) संचालन, व्यवस्थापन र विकास गर्ने, सहकारी सङ्घसंस्था एकिकरण, विभाजन तथा पुर्नगठन सम्बन्धी कार्यवधि तर्जुमा गर्ने, स्थिरीकरण कोष सञ्चालन कार्यविधि तर्जुमा गर्ने, सहकारी सङ्घसंस्थाको साधारण सभा संचालन सम्बन्धी कार्यविधि/निर्देशिका तर्जुमा गर्नुका साथै सहकारी क्षेत्रमा सुशासनको लागि आवश्यक नीतिगत संरचना बनाउने कार्यतर्फ विभाग अग्रसर रहेको व्यहोरा समेत अनुरोध छ ।

डा. टीकराज पाण्डे
(रजिष्ट्रार)

रजिष्ट्रार